कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान
कर्णाली प्रदेश, नेपाल

# एघारौं गाउँ कार्यपालिकाको बैठक

## कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८३ साल बैशाख २८ गते बिहान १०:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कपुरकोट गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को एघारौं गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा वहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री वालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण वोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री विमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १५ | श्री दिनेश पौडेल | सचिव,प्रमुख प्रशासकीय अधिकृत | |

**सहयोगी कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १ | श्री भानुभक्त भण्डारी | सूचना प्रविधि अधिकृत | |
| २ | श्री [illegible] श्री शर्मा | कम्प्युटर अपरेटर | |
| ३ | श्री तारा देवी सेन | सहयोगी कर्मचारी | |
| ४ | श्री हिरा कुमारी वली | बालमैत्री [illegible] पालि. कपुरकोट गापा | |

Scanned with CamScanner

<u>आ.व. २०८२/०८३ को एघारौं गाउँकार्यपालिका बैठकका प्रस्तावहरु :</u>

१. मुख्यमन्त्री रोजगार कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा।

२. वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत सम्वन्धमा।

३. वजेटको प्राथमिकता,मार्गदर्शन र सीमा निर्धारण सम्वन्धमा।

४. १९ औं गाउँसभा सञ्चालन सम्वन्धमा।

५. विविध सम्वन्धमा।

५.१. वालमैत्री सम्पर्क व्यक्ति र वालमैत्री सहजकर्ता (नियुक्ति, परिचालन र व्यवस्थापन) सम्वन्धी मापदण्ड, २०८३ स्वीकृत सम्वन्धमा।

५.२. सामुदायिक तथा संस्थागत विद्यालय सञ्चालन सम्वन्धमा।

५.३. नमूना कार्यसञ्चालन विधि(SOP) पारित सम्वन्धमा।

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**२०८३ वैशाख २८ गते बसेको आ.व. २०८२/०८३ को एघारौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्वन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | मुख्यमन्त्री रोजगार कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा | आर्थिक वर्ष २०८३/०८४ को मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनौट गरी पठाउनु पर्ने गरी सूचना प्राप्त भएको। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेतको सूचना नं.३०१० मिति २०८३/०१/२२ को सूचना अनुसार वडावाट निर्णय भई आएका अनुसूची -१ अनुसारका योजनाहरु स्वीकृत गरी तोकिए वमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशमा प्रस्ताव पेश गर्ने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | रोजगार शाखा |
| २. | वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत सम्वन्धमा। | आ.व. २०८३/०८४ को लागि कपुरकोट गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८३ साल वैशाख ३० गते भित्र गाउँसभामा पेश गर्नु पर्ने भएको। | आ.व. २०८३/०८४ को लागि कपुरकोट गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८३ साल वैशाख ३० गते भित्र गाउँसभामा पेश गर्नु पर्ने भएकोले विभिन्न सरोकारवाला र सम्वद्ध शाखा तथा जनप्रतिनिधिहरुको छलफलवाट गाउँपालिका अध्यक्षको तर्फवाट १९ गाउँसभामा पेशहुने आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको मस्यौदा माथि छलफल गरी स्वीकृत गर्ने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | वजेटको प्राथमिकता,मार्गदर्शन र सीमा निर्धारण सम्वन्धमा। | आ.व. २०८३/०८४ को लागि स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिवाट मिति २०८३/०१/२५ गते निर्णय भई पेश भएको वजेटको प्राथमिकता, वजेट तर्जुमा मार्गदर्शन र सीमा निर्धारणलाई अध्ययन गरी स्वीकृत गरी कार्यान्वयन गर्नु पर्ने भएको। | आ.व. २०८३/०८४ को लागि स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिवाट मिति २०८३/०१/२५ गते भएको वजेटको प्राथमिकता, वजेट तर्जुमा मार्गदर्शन र सीमा निर्धारण सम्वन्धी निर्णयलाई अध्ययन गर्दा स्वीकृत गर्न मनासिव देखी स्वीकृत गर्ने साथै वजेटको प्राथमिकता, वजेट तर्जुमा मार्गदर्शन र सीमा निर्धारणलाई यसै निर्णयको अनुसूची-२, अनुसूची-३ र अनुसूची-४ मा क्रमस व्यवस्थित गरिएको छ। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| ४. | १९ औं गाउँसभा सञ्चालन सम्वन्धमा। | कपुरकोट गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशन मिति २०८३/०१/३० मा वस्ने गरी तय भएकोले उक्त अधिवेशनको कार्यसूचीको स्विकृत गर्नु पर्ने | कपुरकोट गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशन मिति २०८३/०१/३० मा वस्ने गरी तय भएकोले उक्त अधिवेशनको कार्यसूची देहाय वमोजिम हुने गरी स्वीकृत गर्ने।<br>कार्यसूची<br>१. आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम गाउँपालिका अध्यक्षले पेश गर्ने<br>२. न्यायिक समितिको वार्षिक प्रतिवेदन न्यायिक समिति संयोजक प्रकाश भरारीले पेश गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५.१. वालमैत्री सम्पर्क व्यक्ति र वालमैत्री सहजकर्ता (नियुक्ति, परिचालन र व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत सम्बन्धमा। | कपुरकोट गाउँपालिकाको वालमैत्री स्थानीय तह निर्माण गर्ने अभियान अन्तर्गत परिचालन गरिएका वालमैत्री सम्पर्क व्यक्ति र सहजकर्ताहरुको परिचालन र व्यवस्थापन गर्ने सम्बन्धमा महिला तथा वालवालिका ईकाई वाट प्रस्तावित "वालमैत्री सम्पर्क व्यक्ति र वालमैत्री सहजकर्ता (नियुक्ति, परिचालन र व्यबस्थापन) सम्बन्धी मापदण्ड, २०८३" स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | महिला तथा वालवालिका ईकाई |
| ५. | विविध सम्बन्धमा। | ५.२. सामुदायिक तथा संस्थागत विद्यालय सञ्चालन सम्बन्धमा। | नेपाल सरकारको मिति २०८२/१२/२२ को निर्णयानुसार मिति २०८२/१२/२३ गते देखी लागु हुने गरी सरकारी कार्यालय, सार्वजनिक निकाय तथा शैक्षिक संस्थाहरुमा ल शनिवार र आइतवार विदा दिने निर्णय भएको भएतापनि विद्यालयका व्यवस्थापन समिति, अभिभावक र सम्वद्ध शैक्षिक जनशक्तिहरुको माग र विद्यालयको शैक्षिक सुशासन समेतलाई ध्यानमा राख्दा कपुरकोट गाउँपालिका अन्तर्गतिका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुमा आइतवार खुला गरी पठनपाठन नियमित गर्ने गराउने गरी परिपत्र गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | शिक्षा, युवा तथा खेलकुद शाखा |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५.३. नमूना कार्यसञ्चालन विधि(sop) अनुमोदन सम्वन्धमा। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त सोझै खरिद सम्वन्धी कार्यसञ्चालन विधि र उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम सञ्चालन सम्वन्धी कार्यसञ्चालन विधि अनुमोदन गरीं कार्यान्वयन गर्ने। | | |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(अनुसूची - १)

११ औं गाउँकार्यपालिकाको बैठकको प्रस्ताव नं. १ को निर्णय नं. १ संग सम्बन्धित

| क.सं. | कार्यक्रम/योजनाको नाम | वडा नं. | आयोजनास्थल | प्रस्तावित रकम | विषयक्षेत्र | कै. |
|---|---|---|---|---|---|---|
| १. | पर्यटकिय क्षेत्र शिव मन्दिर जाने पदमार्ग निर्माण योजना | १ | सारपानी, लापु लामपोखरा | १५००००० | पर्यटन पूर्वाधार | |
| २ | सिद्धबाबा रुम्टीलेक पर्यटकिय क्षेत्र पदमार्ग निर्माण योजना | २ | गर्पा गोठीवन, तल्लो गर्पा र दानवाङ | १५००००० | पर्यटन पूर्वाधार | |
| ३ | फलाँटे हुँदै पर्यटकीय स्थल दिक्षण कालिका मन्दिर जाने पदमार्ग निर्माण | ३ | फलाँटे | १५००००० | पर्यटन पूर्वाधार | |
| ४ | खुम्बास-दारिमचोर-भट्टेरा-थापाटोल-खानेपानी निर्माण योजना | ४ | दारिमचोर भट्टेरा थापाटोल | १५००००० | खानेपानी | |
| ५ | घट्टेखोला देखि बरले, शितल बजार हुँदै पर्यटकीय क्षेत्र दुर्गा मन्दिर पुग्ने गोरेटो बाटो निर्माण | ५ | बरले | १५००००० | पर्यटन पूर्वाधार | |
| ६ | सातामुल बराह क्षेत्र (सिँढी तथा वाल निर्माण) | ६ | सातामुल | १५००००० | पर्यटन पूर्वाधार | |
| | | | | ९०००००० | | |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

आ.व. २०८२/०८३ को एघारौं गाउँकार्यपालिकाको वैठकका प्रस्ताव तथा निर्णयहरु

## अनुसूची-२

## एघारौं गाउँकार्यपालिका वैठकको निर्णय नं. ३ संग सम्वन्धित

वजेटका प्राथमितकताः

आ.व. २०८३/०८४ को वजेटका प्राथमितकाका क्षेत्रहरुको प्राथमिकता देहाय वमोजिम हुनेछन्।

| सि.नं. | विषय क्षेत्र | वजेट उपक्षेत्र | कार्यक्रम | कै |
|---|---|---|---|---|
| १. | सामाजिक विकास | सामाजिक संरक्षण | सुरक्षित नागरिक आवास तथा फुसको छानो मुक्त पालिका कार्यक्रम | |
| २. | सामाजिक विकाश | सामाजिक समावेशीकरण | वालमैत्री स्थानीय शासन कार्यान्वयन | |
| ३. | पूर्वाधार विकास | सडक निर्माण | ग्रामिण सडक सञ्जाल विस्तार | |
| ४. | सामाजिक विकास | शिक्षा र स्वास्थ्य | गुणस्तर शिक्षा र सर्वशुलभ स्वास्थ्य | |
| ५. | सामाजिक विकास | खानेपानि | एक घर एक धारा कार्यक्रम | |
| ५. | वातावरण तथा विपद् व्यवस्थापन | विपद् व्यवस्थापन/जलवायु परिवर्तन अनुकूलन/ फोहोरमैला व्यवस्थाप | फोहोरमैला व्यवस्थापन योजना निर्माण र कार्यान्विय<br>विपद् व्यवस्थापन योजना<br>जलवायु अनुकुलन योजना र कार्यान्वियन | |
| ६. | सुशासन र संस्थागत विकास | संस्थागत सुशासन र संस्थागत विकास | सेवा प्रवाह सरलीकरण योजना | |
| ७. | आर्थिक विकास | कृषि तथा पशुपंछी विकास | एक वडा एक पकेंट उत्पादन कार्यक्रम | |
| ८. | आर्थिक विकास | सिचाई पूर्वाधार | लिफ्ट सिचाई पूर्वाधार योजना | |
| ९. | सामाजिक विकास | युवा तथा खेलकुद | विविध खेलकुद स्पर्धाको आयोजना र क्षमता विकास | |
| १०. | सुशासन तथा संस्थागत विकास | क्षमता विकास | जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमताविकास कार्यक्रम . | |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## अनुसूची-३

## एघारौं गाउँकार्यपालिका बैठकको निर्णय नं. ३ संग सम्बन्धित

वजेट मार्गदर्शनः

**आ.व. २०८३/०८४ को वजेट तर्जुमा सम्बन्धी मार्गदर्शनहरु देहाय बमोजिम रहनेछन्।**

१. गाउँपालिकावाट स्वीकृत हुने योजना तथा कार्यक्रमहरु लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मैत्री वनाउने। सोको लागि प्रस्तावित योजना तथा कार्यक्रमहरुको प्रस्ताव पेश गर्दा लक्षित वर्गमैत्री हुने गरी नामाकरण गर्ने। जस्तै प्रतिक्षालाय निर्माण सम्वन्धी योजना तर्जुमा गर्नु पर्दा अपाङ्गमैत्री प्रतिक्षालय निर्माण दहवन वडा नं.१ नाम राखे.। सामुदायिक भवन निर्माण संग सम्वन्धित योजना तर्जुमा गर्दा कुन लक्षित समूहको लागि त्यस्तो योजना तर्जुमा गर्ने उद्येश्य रहेको छ त्यसको नाम राख्ने जस्तै। छापटोल महिला समूह सामुदायिक भवन निर्माण योजना।

२. जुनसुकै योजना तथा कार्यकम तर्जुमा गर्दा सो को मूलभुत लक्षित समूह कुन हो? सोको पहिचान गरी छुट्टै महलमा खुलाउने।

३. हरेक योजना तथा कार्यक्रमहरुको GESI, GRB, SD कोडिङ गरी पेश गर्ने।

४. आगामी आ.व.मा गाउँपालिकालाई फुसको छानोमुक्त पालिका घोषणा गर्ने गरी तथ्यांकमा आधारित रही गाउँपालिकाले एकमुष्ट वजेट विनियोजन गर्ने।

५. सवै वडा समिति र विषयगत शाखाले वजेट तथा कार्यक्रमको प्रस्ताव पेश गर्दा नीति तथा कार्यक्रमको परिधिभित्र पर्ने गरी गर्ने।

६. गाउँपालिकाको प्रशासनिक खर्चलाई वाञ्छित सीमा भित्र राख्ने।

७. सवै खाले सार्वजनिक खरिदहरुलाई प्रतिष्पर्धी र मितव्ययी वनाउने।

८. वडालाई प्राप्त सिलिङवाट वडाले आ-आफ्नो प्रशासनिक तथा विविध खर्च वार्षिक ३ लाखमा नवढ्ने गरी छुट्टाउने।

९. रु. ५ लाख माथिका विकास योजनाहरुकोहकमा वजेट तथा कार्यक्रम स्वीकृत गर्नु पूर्वनै लागत अनुमान अनिवार्य तयार गरी स्वीकृत गर्ने।

१०. श्रममूलक कार्यहरुमात्र उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सँञ्चालन गर्ने गरी संझौता गर्ने।

११. स्थानीय तह कार्यसम्पादन मूल्यांकन प्रणाली(LGPAS) अनुसार प्राप्त हुन बाँकी संभाव्य सूचकहरुको प्राप्तिका लागि अनिवार्य वजेट व्यवस्थापन गर्ने।

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| शिक्षा, युवा तथा खेलकुद शाखा | | १०७०० | ८००० |
| स्वास्थ्य तथा सरसफाई शाखा | | १०२०० | ९००० |
| कृषि विकास शाखा | | २३०० | २८०० |
| पशुपंछी विकास शाखा | | २८०० | २८०० |
| महिला, बालबालिका तथा ज्येष्ठ नागरिक ईकाई | | ३३०० | ३३०० |
| उद्योग तथा राजस्व शाखा | | ३०० | ३०० |
| नक्सा पास शाखा | | १०० | ० |
| श्रम तथा रोजगार शाखा | | २०० | २५० |
| न्यायिक शाखा | | १००० | १०४५ |
| लघु उद्यम शाखा | | २०० | २५० |
| सामाजिक विकास शाखा | | ३०० | ३०० |
| विपद् व्यवस्थापन शाखा | | १००० | १००० |
| गाउँपालिका/पूर्वाधार | | १२००० | १२००० |
| पोषण सुधार कार्यक्रम | | | २०० |
| जम्मा | ० | | ४१२४५ |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner